# आकाशवाणी समाचार

**मुख्य समाचार :-**

1. पश्चिम बंगाल विधानसभा चुनावमा साँझ 5 बजेसम्म पहिलो चरणको मतदानमा लगभग 90 प्रतिशत मतदान भएको छ भने तमिलनाडु विधानसभा चुनावमा साँझ 5 बजेसम्म 82.24 प्रतिशत मतदान भएको छ ।

2. पश्चिम बंगाल विधानसभा चुनावको दोस्रो चरणका मतदानका लागि, राज्यभर राजनीतिक गतिविधि तीव्र भएको छ र प्रमुख दलका स्टार प्रचारकहरूले प्रचारप्रसार बढाएका छन्। प्रधानमन्त्री नरेन्द्र मोदीले आज कृष्णनगर र मथुरापुरमा ऱ्यालीहरूलाई सम्बोधन गर्नुभयो।

3. सरकारले पश्चिम एशिया संकटका कारण उत्पन्न स्थितिमा नागरिकहरूलाई कुनै पनि असुविधा नहोस् भन्ने कुरा सुनिश्चित गर्न प्रतिबद्ध रहेको बताएको छ।

4. फ्रान्सेली विमानस्थलहरू हुँदै यात्रा गर्ने भारतीय नागरिकहरूका लागि भिसामुक्त ट्रान्जिट सञ्चालनको घोषणाको भारतले स्वागत गरेको छ।

5. IPL क्रिकेटमा, मुम्बई इन्डियन्सले आज साँझ मुम्बईको वानखेडे स्टेडियममा चेन्नई सुपर किंग्सको सामना गर्नेछ।

## मतदान प्रतिशत

पश्चिम बंगाल विधानसभा चुनावमा मा साँझ 5 बजेसम्म पहिलो चरणको मतदानमा लगभग 90 प्रतिशत मतदान भएको छ। उता तमिलनाडु विधानसभा चुनावमा साँझ 5 बजेसम्म 82.24 प्रतिशत मतदान भएको छ ।

## महाराष्ट्र उपचुनाव

अन्तर्गत बारामतीमा औसत मतदान प्रतिशत 52.44 प्रतिशत रेकर्ड गरिएको छ भने, राहुरीमा साँझ 5 बजेसम्म औसत 50.68 प्रतिशत मतदान भएको छ।

## पश्चिम बंगाल विधानसभा चुनाव दोस्रो चरणः प्रचारप्रसार पश्चिम बंगाल विधानसभा चुनाव दोस्रो चरणको मतदानमा

प्रवेश गर्दै गर्दा, राज्यभर राजनीतिक गतिविधि तीव्र भएको छ र प्रमुख दलका स्टार प्रचारकहरूले प्रचारप्रसार बढाएका छन्। प्रधानमन्त्री नरेन्द्र मोदीले आज कृष्णनगर र मथुरापुरमा ऱ्यालीहरूलाई सम्बोधन गर्दै भ्रष्टाचार र घुसपैठलाई लिएर सत्तारुढ दललाई लक्षित गर्नुभयो। उहाँले काकद्वीपमा माझीहरूका लागि नयाँ अवसरहरूको पनि वाचा गर्दै भाजपाले सरकार बनायो भने छिमेकी देशहरूबाट उत्पीडित अल्पसंख्यकहरुलाई नागरिकता संशोधन ऐन अन्तर्गत नागरिकता प्रदान गरिने दोहर्याउनु भयो। पछि, प्रधानमन्त्रीले रामकृष्ण मठ र मिसनको मुख्यालय बेलुर मठको भ्रमण गर्नुभयो।

केन्द्रीय गृहमन्त्री अमित शाहले हुगलीको बालागढमा बोल्दै भाजपाको सरकारमा घुसपैठ गर्नेहरूलाई राज्यमा रहन दिइने छैन भन्नुभयो। कोलकातामा प्रचार गर्दै मुख्यमन्त्री ममता बनर्जीले प्रधानमन्त्रीलाई लोकतान्त्रिक प्रक्रियालाई कमजोर बनाएको आरोप लगाउनुभयो ।

## सरकार- पश्चिम एशिया ब्रीफिंग

सरकारले आज पश्चिम एशिया संकटका कारण उत्पन्न स्थितिमा नागरिकहरूलाई कुनै पनि असुविधा नहोस् भन्ने कुरा सुनिश्चित गर्न प्रतिबद्ध रहेको बताएको छ। नयाँ दिल्लीमा अन्तर मन्त्रालय ब्रीफिंगलाई सम्बोधन गर्दै पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी संयुक्त सचिव सुजाता शर्माले देशभर घरेलु एलपीजी आपूर्ति सामान्य रहेको र हिजो करिब १२ लाख घरपरिवारमा सिलिन्डर पुर्याइएको बताइन्। उनले डेलिभरी प्रमाणीकरण कोड (DAC) प्रयोग गरेर लगभग ९४ प्रतिशत डेलिभरी सम्पन्न भइरहेको उल्लेख गरिन्। सुश्री शर्माले व्यावसायिक एलपीजी आपूर्ति लगभग ७० प्रतिशत रहेको र अप्रिलमा अहिलेसम्म १.४० लाख टनभन्दा बढी व्यावसायिक एलपीजी बिक्री भइसकेको कुरामा जोड दिइन्। बाइट..

बन्तरगाह, ढुवानी तथा जलमार्ग मन्त्रालयका अतिरिक्त सचिव मुकेश मंगलले विगत २४ घण्टामा विदेशी झण्डा भएका जहाजहरूमा गोलीबारीका घटनाहरू रिपोर्ट गरिएको जानकारी दिँदै कुनै पनि भारतीय जहाज माथि गोलीबारी न भएको बताए। उनले ती जहाजहरूमा यात्रा गर्ने भारतीय नाविकहरू सुरक्षित रहेको आश्वासन दिए। विदेश मन्त्रालयका अतिरिक्त सचिव (खाडी) असीर आर. महाजनले भारतीय समुदायको सुरक्षा र कल्याण सुन्श्चित गर्नमा ध्यान केन्द्रित गर्दै मन्त्रालयले पश्चिम एशिया क्षेत्रमा घटनाक्रममाथि नजिकबाट निगरानी गरिरहेको भनेका छन्।

## भारत फ्रान्स

फ्रान्सेली विमानस्थलहरू हुँदै ट्रान्जिट गर्ने भारतीय नागरिकहरूका लागि भिसामुक्त ट्रान्जिट सञ्चालनको घोषणाको भारतले स्वागत गरेको छ। आज साँझ नयाँ दिल्लीमा सञ्चारकर्मीहरूलाई जानकारी दिँदै विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले भने, यस वर्ष फेब्रुअरीमा मुम्बईमा भएको भेटघाटमा भारतीय passport धारकहरूका लागि ट्रान्जिट भिसाको आवश्यकता हटाउने विषयमा प्रधानमन्त्री नरेन्द्र मोदी र फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोबीच सहमति भएको थियो। उनले भने, फ्रान्स सरकारले अब यो सम्झौता कार्यान्वयन गरेकोछ।

श्री जायसवालले भने मुख्य भूमि फ्रान्स हुँदै विशेष रूपमा हवाई मार्गबाट ट्रान्जिट गर्ने भारतीय नागरिकहरूलाई यस महिनाको १० तारिखदेख ट्रान्जिट भिसाको आवश्यकता पर्दैन। उनले भने, यो निर्णयले राष्ट्रपति म्याक्रोको भ्रमणको क्रममा विशेष विश्वव्यापी रणनीतिक साझेदारी स्तरमा भारत र फ्रान्स बीचको स्थायी साझेदारीलाई प्रतिबिम्बित गर्दछ र जनताको सहज आवागमन साथै जनता- जनताबीचको सम्बन्धलाई अझ सहज बनाउनेछ।

## उपराष्ट्रपति- दीक्षान्त समारोह

उपराष्ट्रपति सी. पी राधाकृष्णन, अखिल भारतीय आयुर्विज्ञान संस्थान एम्स ऋषिकेशको छैठौं धीक्षान्त समारोहमा उपस्थित हुनुभयो। एम्सकी कार्यकारी निर्देशक, प्रोफेसर डा. मीनु सिंहले छैठौं दीक्षान्त समारोहमा विभिन्न पाठ्यक्रमका कुल ३८६ विद्यार्थीहरूलाई डिग्री प्रदान गरिएको जानकारी दिनुभयो। कार्यक्रममा, उत्तराखण्डका राज्यपाल, गुरमित सिंह, मुख्यमन्त्री पुष्कर सिंह धामी र केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण राज्यमन्त्री अनुप्रिया पटेल पनि उपस्थित हुनुहुन्थ्यो।

## सिन्धिया-अष्टलक्ष्मी दर्शन

पूर्वोत्तर क्षेत्र विकास मन्त्री ज्योतिरादित्य एम. सिन्धियाले अष्टलक्ष्मी दर्शन युवा कार्यक्रमका विद्यार्थीहरूसँग आदानप्रदान भर्चुअल रूपमा अन्तरक्रिया गर्नुभएको छ। यो कार्यक्रम मन्त्रालयको एक प्रमुख पहल हो। गत महिनाको 15 तारिखदेखि आइआइटी गुवाहाटी, असम विश्वविद्यालय र तेजपुर विश्वविद्यालयका ब्याच-13, 14 र 15 का एक सयभन्दा बढी विद्यार्थीहरूले आदानप्रदान कार्यक्रममा भाग लिइरहेका छन्। अन्तरक्रियाको क्रममा, श्री सिन्धियाले सहभागी विद्यार्थीहरूलाई आ-आफ्ना राज्यमा पूर्वोत्तर क्षेत्रको राजदूतको रूपमा काम गर्न प्रोत्साहित गर्नुभयो।

## उत्तर पूर्व क्षेत्रका लागिः नागाल्याण्ड-बोर्ड नतिजा

नागाल्याण्ड स्कूल शिक्षा बोर्ड, (NBSE) ले आज हाई स्कूल लिभिङ सर्टिफिकेट (HSLC) र उच्च माध्यमिक स्कूल लिभिङ सर्टिफिकेट (HSSLC) परीक्षा 2026 को नतिजा घोषणा गरेको छ। HSLC परीक्षामा, M.G.M. उच्च माध्यमिक विद्यालय, दिमापुरका अमन कुमारले प्रभावशाली 98.33 अंक प्रतिशत प्राप्त गर्दै राज्यमा शीर्ष स्थानमा आएका छन्। सफल उम्मेदवारहरूलाई बधाई दिँदै, नागाल्याण्डका मुख्यमन्त्री नेफिउ रियोले विद्यार्थीहरूको उपलब्धिको प्रशंसा गर्नुभयो।

मुख्यमन्त्रीले परीक्षा उत्तीर्ण गर्न नसकेका विद्यार्थीहरुलाई पनि प्रोत्साहन दिंदै आशान्वित रहने आग्रह गर्नुभयो।

## मेघालय-कार्यक्रम

राष्ट्रिय मत्स्य विकास बोर्ड (एनएफडीबी) को शासित निकायले आज घोषणा गरेको छ कि एक्वाएक्स नर्थईस्ट २०२६ क्षेत्रीय मत्स्यपालन तथा एक्वाकल्चर एक्स्पो र यो सेमिनार १२ र १३ जुन मा आसामको गुवाहाटीमा आयोजना हुनेछ। कार्यक्रमले माछा उत्पादन बढाउने र पूर्वोत्तर क्षेत्रका किसान र उद्यमीहरूका लागि नयाँ अवसरहरू सिर्जना गर्ने लक्ष्य राखेको

## रिजिजु-नेपाल पत्रकारहरू

संसदीय मामिला मन्त्री किरेन रिजिजुले आज नेपालका पत्रकारहरूको भारत भ्रमणको क्रममा संसद भवनमा उनीहरुसंग अन्तर्क्रिया गर्नुभयो। सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री रिजिजुले यस्ता अन्तर्क्रियाले संस्थागत सहयोगलाई बलियो बनाउन र भारत र नेपालबीचको विश्वसनीय साझेदारीलाई अझ गहिरो बनाउन योगदान पुर्‍याउने बताउनुभयो।

## प्रधानमन्त्री – मन की बात

प्रधानमन्त्री नरेन्द्र मोदीले आइतबार २६ तारीख बिहान ११ बजे आकाशवाणीमा मन की बात कार्यक्रममा देश र विदेशका जनतासँग आफ्ना विचार साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको १३३ औं संस्करण हुनेछ।

## IPL Cricket

IPL क्रिकेटमा बुम्बई इन्डियन्सले आज साँझ मुम्बई वानखेडे स्टेडियममा चेन्नई सुपर किंग्सको सामना गर्नेछ। ल साँझ ७.३० बजे देखि शुरू भएको छ। टस जितेर मुम्बई ईण्डियनले पहिले बलिङ गर्ने भएको छ।